# बारम्बार सोधिने प्रश्नहरू

कोभिड-19 र अन्तिम संस्कार

कोरोनाभाइरस रोग (कोभिड-१९) श्वासप्रश्वासको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्ने रोग हो । यो भाइरस सङ्क्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा निस्कने श्वासप्रश्वासका छिटाहरूसँग नजिकको सम्पर्कमा (6 फिट भित्र) रहेका व्यक्तिहरूमा सर्ने गर्छ ।

**यदि तपाईं वा तपाईंको नजिकको व्यक्ति कोरोनाभाइरस विश्वव्यापी महामारीले गर्दा चिन्तामा हुनुहुन्छ भने सहायता उपलब्ध छ ।**

- डिजास्टर डिस्ट्रेस हेल्पलाइनलाई 1-800-985-5990 (1-800-846-8517 TTY) मा सम्पर्क गर्नुहोस् ।
- 741 741 मा "4HOPE" लेखी पठाएर ओहायो क्राइसिस टेक्स्ट लाइन मार्फत तालिमप्राप्त परामर्शदातासँग जोडिनुहोस् ।
- आफ्नो समुदायमा उपलब्ध संशाधन पाउनको लागि ओहायो डिपार्टमेन्ट अफ मेन्टल हेल्थ एण्ड एडिक्सन सर्भिसेजलाई 1-877-275-6364 मा सम्पर्क गर्नुहोस् ।

## अन्तिम संस्कारमा सहभागिता जनाउँदा के मलाई कुनै जोखिम छ?

तपाईं कसैको अन्तिम संस्कारमा जाँदै हुनुहुन्छ भने कृपया कोरोनाभाइरसबाट जोगिन सामाजिक दूरी कायम गर्नुहोस् । सामाजिक दूरी कायम गर्दा अरु व्यक्तिहरूबाट कम्तीमा पनि 6 फिटको दूरीमा रहनुपर्छ । सामाजिक दूरी कायम गर्नाले कोरोनाभाइरस फैलन दिँदैन । **अरु व्यक्तिहरूसँग नजिकको सम्पर्कमा नजाउनुहोस् । कसैसँग अङ्कमाल गर्ने, चुम्बन गर्ने र हात छुने नगर्नुहोस् ।** कम्तीमा पनि 20 सेकेन्डसम्म साबुन पानीले बारम्बार हात धुनुहोस् । साबुन पानी नभएमा कम्तीमा पनि 60% अखाद्य रक्सी (अल्कोहल)बाट बनेको स्यानिटाइजर प्रयोग गर्नुहोस् । खोक्दा वा हाछ्युँ गर्दा पाखुरा वा भित्री कुहिनोले मुख छोप्नुहोस् - हातले होइन । आफ्नो आँखा, नाक र मुखमा हातले नछुनुहोस् । सन्चो छैन भने घरमै बस्नुहोस् ।

## म कोरोनाभाइरस रोग लागेर मृत्यु भएको कुनै व्यक्तिको अन्तिम संस्कार वा शोकमा गएँ भने के म जोखिममा हुन्छ?

अहिलेसम्म कोरोनाभाइरस रोग लागेर बितेको व्यक्तिको अन्तिम संस्कार वा शोकमा जाँदा कुनै जोखिम हुन सक्छ भन्ने थाहा छैन ।

## कोरोनाभाइरस लागेर बितेका व्यक्तिको शवमा मैले छोएँ भने के मलाई कुनै जोखिम हुन्छ?

यो भाइरस सङ्क्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा निस्कने श्वासप्रश्वासका छिटाहरूसँग नजिकको सम्पर्कमा (6 फिट भित्र) रहेका व्यक्तिहरूमा सर्ने गर्छ । मृत्यु पश्चात यो माध्यमबाट भाइरस फैलन सक्ने सम्भावना हुँदैन ।

**कोरोना भाइरस रोग लागेर बितेका व्यक्तिको शरीरमा नछुनु नै राम्रो हुन्छ ।** निश्चित प्रकारको छुवाइबाट भाइरस फैलने केही सम्भावना हुन्छ जस्तै शव हेर्नको लागि तयार गरिएपछि शवको हात समात्नु वा शवलाई अङ्कमाल गर्नु । शव तयार गर्नुअघि, गर्दै गर्दा वा तयार गरिसकेपछि चुम्बन गर्ने, जलले शरीर पखालिदिने तथा कात्रो वा बस्त्र ओढाइदिने कार्य  सम्भव भएसम्म गर्नु हुँदैन ।

यदि धार्मिक परम्परा अनुसार शरीरलाई पानीले पखालिदिने वा कात्रो(वस्त्र) ओढाउनु महत्त्वपूर्ण छ भने सङ्क्रमणको जोखिम कम गर्न मृतकका परिवारलाई सांस्कृतिक तथा धार्मिक गुरु र दाहसंस्कार गर्ने होम स्टाफसँग मिलेर उपाय खोज्न प्रोत्साहित गरिन्छ । यस्ता खालका गतिविधिमा संलग्न व्यक्तिहरूले कम्तीमा पनि नष्ट गर्न मिल्ने पन्जा लगाउनु पर्छ । अन्तिम संस्कार गर्दै गर्दा शवबाट तरल पदार्थ छ्यापिने सम्भावना छ भने थप व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) लगाउन आवश्यक पर्न सक्छ, जस्तै नष्ट गर्न मिल्ने गाउन, अनुहार कवज वा चस्मा (गगल्स) र N-95 रेस्पिरेटर ।

सबै खालका सफा गर्ने तथा निसङ्क्रमण गर्ने उत्पादनहरू सफा गर्दा उत्पादकको निर्देशन अनुसार गर्नुपर्छ (जस्तै, कन्सन्ट्रेसन्, एप्लिकेसन विधि र सम्पर्क समय) । पीपीई फुकालेपछि साबुन पानीले कम्तीमा 20 सेकेन्डसम्म हात धुनुहोस् । साबुन पानी उपलब्ध नभएमा कम्तीमा 60% अल्कोहलबाट बनेको ह्यान्ड स्यानिटाइजर प्रयोग गर्नुहोस् । हातमा आँखाले देखिने गरी फोहोर लागेको छ भने साबुन पानीले नै हात धुनुपर्छ ।

## कोरोनाभाइरस रोग लागेर मेरो परिवारको सदस्य देश बाहिर बित्नुभयो भने मैले के गर्नुपर्छ?

संयुक्त राज्य अमेरिकाको कुनै नागरिकको संयुक्त राज्य अमेरिकाभन्दा बाहिर मृत्यु भएमा मृतकको उत्तराधिकारी वा कानुनी प्रतिनिधिले डिपार्टमेन्ट अफ स्टेटका यु.एस. कन्सुलर आधिकारीहरूलाई जानकारी दिनुपर्छ । विदेशमा उत्पन्न भएका आपतकालीन अवस्थामा सहायता गर्नका लागि कन्सुलरका कर्मचारीहरू दिनको चौबीसै घण्टा, हप्ताको सातै दिन उपलब्ध छन् । मृतकको परिवारको सदस्य, घरेलु साझेदार वा कानुनी प्रतिनिधि छुट्टै राष्ट्रमा हुनुहुन्छ भने उहाँले  सोमबार देखि शुक्रबार बिहान 8 बजे देखि बेलुका 5 बजेभित्रमा वासिंगटन डिसीमा रहेको राज्य विभाग (डिपार्टमेन्ट अफ स्टेट)को ओभरसिज नागरिक सेवा कार्यालय (अफिस अफ ओभरसिज सिटिजन सर्भिसेज)

लाई 888-407-4747 (टोल-फ्री) वा 202-501-4444 मा सम्पर्क गर्नुपर्छ । कार्यालय समयपछि वा विदाको दिनमा आपतकालीन सहायता आवश्यक परेमा राज्य विभागको स्विचबोर्डलाई 202-647-4000 मा सम्पर्क गर्नुहोस् र ओभरसिज नागरिक सेवाको ड्युटी अफिसरसँग कुरा गर्न अनुरोध गर्नुहोस् । यसको अलावा, अमेरिकी नागरिक मृत्यु भएको राष्ट्रको वा नजिकको राजदुतावासले सहायता गर्न सक्छ ।

## कोरोनाभाइरस रोग लागेर मेरो परिवारको सदस्य देशबाहिर बितुभयो । अमेरिकामा शव ल्याउनको लागि के-कस्ता प्रक्रिया पूरा गर्नुपर्छ?

देश बाहिर मृत्यु भएका व्यक्तिको अवशेष अमेरिकामा ल्याउनुपूर्व रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) लाई अटोप्सी रिपोर्ट देखाउन आवश्यक पर्दैन । मृत्यु कुन परिस्थितिमा भएको हो भन्ने कुरामा आधारित रहेर केही राष्ट्रहरूमा अटोप्सी रिपोर्ट आवश्यक पर्न सक्छ । मृतकको परिवारले स्थानीय कन्सुलेट वा राजदूतावास, यात्रा बीमा प्रदायक, यात्रा अपरेटर, धार्मिक सहायता संस्थाहरू र मृतकको रोजगारदाताबाट सहायता प्राप्त गर्न सक्छन् । शवको आधिकारिक सनाखत र कन्सुलर कार्यालयले जारी गरेको आधिकारिक कागजातहरू आवश्यक पर्न सक्छ ।

शवलाई लेपन गरिएको छ वा जलाइएको छ भन्ने कुरामा मानव अवशेष आयात गर्ने सम्बन्धी मापदण्ड निर्भर हुन्छ र यदि उक्त व्यक्तिको मृत्यु सरुवा रोगका कारण भएको हो भने क्वारेन्टाइनमा राख्न आवश्यक पर्छ ।